**मिति २०८३ जेष्ठ ११ गते गाउँ कार्यपालिका बैठकका निर्णयहरु:**

निर्णय नं. १. मिति२०८३।०२।११ गते कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्वन्धमा समिक्षा गरियो ।

निर्णय नं. २, चौकुने गाउँपालिका गाउँ कार्यपालिका कार्यालय मातहतमा रहेका २ पाङ्ग्रे सवारी साधन सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा समन्यायिक वितरण, आवश्यकताको आधारमा प्रयोग, प्रचलित कानूनको पालना, दुरुपयोग हुन नदिन आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो।

निर्णय नं. ३, चौकुने गाउँपालिका र साहारा ट्रेड सेन्टर बिच मिनिटेलर खरिद सम्झौता अनुसार अन्तिम पटकलाई २०८३।०२।३० गतेसम्म म्याद थप गर्ने निर्णय गरियो।

निर्णय नं. ४, चौकुने गाउँपालिकाको आ.ब. २०८२।०८३ को बजेट तथा कार्यक्रम अन्तरगत ५० % अनुदानमा कृषि यान्त्रिकरण मिनिटिलर वितरण कार्यक्रम शिर्षकमा विनियोजित रकमबाट खरिद भई वितरण गरिने मिनिटेलर वितरणको लागि प्रस्ताव माग सम्बन्धि सूचना अनुसार रितपूर्वक परेका निवेदन उपर वडा नछुट्ने गरी कृषि सहकारी, समुह, फर्म, व्यक्तिगत माग, यस अघी पाएका सहकारी, समुहलाई अन्तिम प्राथमिकतामा राखि शाखाको सिफारिस बमोजिम लाभग्राहीलाई मिनिटेलर वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ५, चौकुने गाउँपालिकाको आ.ब. २०८२।०८३ को बजेट तथा कार्यक्रम अन्तरगत बहुउदेश्यिय शिक्षक महासंघ भवन निर्माणको लागि रकम विनियोजन भएकोमा उक्त भवन चौकुने गाउँपालिका वडा नं. ८ स्थित वडा कार्यालयको पुर्वपट्टी कृष्ण मन्दिर र खानेपानी टयाङ्की निर्माण भएको परिसर भित्र बहुउदेश्यिय शिक्षक महासंघ भवन निर्माण गर्ने निर्णय गरियो।

निर्णय नं. ६, चौकुने गाउँपालिका स्थित घाटगाउँ-गुटु-साल्म-जंगलाघाट सडक निर्माणको लागि मेसिन भाडामा लिई कामकाज गराउने सम्बन्धमा थप काम कारवाही बढाउने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ७, चौकुने गाउँपालिकाको आ.ब. २०८१/०८२ को महालेखा परिक्षणको कार्यालय मार्फत प्राप्त अन्तिम लेखापरिक्षण प्रतिवेदन माथी छलफल गरियो ।

निर्णय नं. ८, प्रस्ताव नं. ८ माथि छलफल गर्दा आ.ब. २०८३।०८४ को लागि मुख्यमन्त्रि रोजगार कार्यक्रम अन्तरगत चौकुने गाउँपालिकाबाट योजना तथा कार्यक्रम छनौट गरी पठाउने सर्वसम्मत निर्णय गरियो ।

पूर्ण बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

चौकुने गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गुटु सुर्खेत कर्णाली प्रदेश, नेपाल २०७३

निर्णय नं. ९, चौकुने गाउपालिकाको कार्यालयमा थ्रि-फेज लाईन जडानको लागि विद्युत प्राधिकरण वितरण केन्द्र बाबियाचौर मार्फत नेपाल विद्युत प्राधिकरण कार्यालय सुर्खेतलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. १०, चौकुने गा.पा. वडा न ९ स्थित सुर्यतारा सिमेन्ट प्रालीबाट चौकुने वडा नं. ९ चैतुरुवा खोलाबाट १ हजार घन मिटर नदिजन्य पदार्थ (ढुङ्गा/बालुवा/रोडा) माग भै आएकोमा प्राविधिक शाखाको सिफारिस बमोजिम तोकिएको राजश्व लिई उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ११, मिति २०८२ चैत्र १३ गतेको नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय अनुसार चौकुने गाँउपालिका अन्तरगत सरकारी तथा सार्वजनिक जग्गा लगत संकल गर्ने र पठाउने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. १२, लगाम-बोला-धमु विस्तृत परियोजना प्रतिवेदन (DPR) स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. १३, चौकुने गाउँपालिका गाउँ कार्यपालिका कार्यालयमा कार्यरत प्रमुख प्रशासकीय अधिकृत पूर्णबहादुर वि.क.को विदा स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. १४, चौकुने गाउँपालिकाबाट कार्यान्वयन हुने आयोजनाहरुको जनप्रतिनिधिहरुको रोहवरमा सार्वजनिक परिक्षण र अनुगमन समितिबाट अनुगमन भए पश्चात मात्र भुक्ताँनी हुने अथवा दिने व्यवस्था मिलाउने सर्वमस्मत निर्णय गरियो ।

निर्णय नं. १५, आर्थिक सहायताको लागि विभिन्न मितिमा प्राप्त भएका निवेदन उपर छलफल गर्दा गाउँपालिका अध्यक्षको तोक आदेश र आर्थिक सहायता सम्बन्धी कार्यविधि बमोजिम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

पूर्ण बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

पूर्ण बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत

खड्क वि.क. (विवस)
अध्यक्ष

चौकुने गाउँपालिका गाउँ कार्यपालिका कार्यालय गुटु, सुर्खेत ।